**मिति २०८३/०५/११ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय**

१. भोटेकोशी नदीमा आएको बाढीका कारण भएको जनधनको क्षति प्रति दुखः व्यक्त गर्दै मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली र बेपत्ताजनहरुको शीघ्र प्राप्ति र घाइतेहरुको स्वास्थ्य लाभको कामना गर्ने।

२. जिल्ला स्थित सबै जलविद्युत परियोजनालाई परियोजना सञ्चालन क्षेत्रमा अचानक आउन सक्ने बाढीको पूर्व सूचनाको जानकारी लिने प्रणाली स्थापना गर्न र त्यसबाट कर्मचारी तथा कामदारलाई सुरक्षित गर्ने प्रणाली अवलम्बन गरी सोको जानकारी जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउन पत्रचार गर्ने। साथै, सबै जलविद्युत आयोजनालाई आ-आफ्नो परियोजनामा काम गर्ने कर्मचारी, कामदारहरुको बिमा सहित पूर्ण विवरण चुस्त अवस्थामा राख्न समेत अनुरोध गर्ने।

३. यस जिल्लाको विभिन्न क्षेत्रमा रहेका हिमतालबाट हुन सक्ने जोखिमको अध्ययनबाट प्राप्त सुझावको कार्यान्वयन र थप अध्ययन गरी जोखिम न्यूनीकरणको आवश्यक व्यवस्थाका लागि श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने।

४. जिल्ला प्रशासन कार्यालय र जिल्ला स्थित रहेका सबै सुरक्षा निकायहरुको समन्वयमा तयार गरी मिति २०८३/०४/३१ मा स्वीकृत भएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP),२०८३ लाई अनुमोदन गर्ने।

५. जिल्लास्थित सबै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रमा रहेका नदी र खोलाको विस्तृत रुपमा नक्साङ्कन गर्ने। साथै उक्त क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरु र आसपासमा बनेका संरचना, नदी तथा खोलाबाट उक्त संरचनाको दुरी र जोखिमको अवस्थाबारे अध्ययन गरी प्रतिवेदन गर्ने र तयार भएको प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा यथाशिघ्र उपलब्ध गराउने।

६. जिल्लास्थित सबै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रमा रहेका पहिरोको सम्भावित जोखिम अवस्थाको नक्साङ्कन गरी जोखिमपूर्ण बस्तीहरु, त्यहाँ बसोबास गर्ने मानिसहरुको जनसंख्या र अन्य भौतिक संरचनाहरुको विवरण र जोखिमको अवस्थाबारे प्रतिवेदन तयार गर्ने र तयार भएको प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा यथासिघ्र उपलब्ध गराउने।

७. मिति २०८३/०४/०३ गते गएको अविरल बर्षा र पहिरोका कारण श्री शारदा माध्यमिक विद्यालयको भौतिक संरचनामा क्षति पुगेकाले हाल विद्यालय उच्च जोखिममा रहेको हुँदा नियमित पठनपाठनका लागि नयाँ भवन बनाउनु पर्ने भएको भनि धर्मदेवी नगरपालिकाको च.नं. १९६, मिति २०८३/४/१८ गतेको पत्रबाट अनुरोध भई आएको हुँदा सो सक्कलै पत्र संलग्न राखी श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा भवन निर्माणका लागि सिफारिस गर्ने।

८. यस जिल्ला स्थित रहेका अरुण नदी, संखुवाखोला, सभाखोलामा अचानक आउन सक्ने बाढीका कारण उच्च जोखिममा रहेकाले विपद् जोखिम पूर्व सूचना प्रणालीको निर्माण गर्न

अत्यावश्यक देखिएकाले सोका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंलाई अनुरोध गर्ने।

९. धर्मदेवी नगरपालिका वडा नं. ४ स्थायी बसोबास गर्ने धनेन्द्र बहादुर श्रीपाली र प्रमिला सार्कीको निजी आवास मिति २०८३/०४/०३ गते गएको अविरल बर्षा र पहिरोका कारण पूर्ण रुपमा क्षति भएको र उक्त घर पुनर्निर्माण गर्नुपर्ने भएको भनि धर्मदेवी नगरपालिकाको च.नं. १९६, मिति २०८३/०४/१८ गतेको पत्रबाट लेखि आएको र सो नगरपालिकाको स्थानीय विपद् पोर्टलमा समेत प्रविष्टि भइसकेको हुँदा निजहरुलाई लाभग्राही कायम गरी अस्थायी टहरा निर्माणका लागि श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौं र श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा सिफारिस गर्ने।

१०. चिचिला गाउँपालिका वडा नं. १ निवासी श्री इन्द्र बहादुर गुरुङ, रत्न माया गुरुङ र सुवर्ण माया राईको घर बाढी पहिरोको कारण पूर्ण क्षति भएकोमा पुननिर्माणको लागि मिति २०८२।०१।०४ गते निजी आवास पुनर्निर्माणको लागि अनुदान सम्झौता भई निर्माण कार्य भएकोमा सो निर्माण कार्य समेत सम्पन्न भइ सकेको भनी चिचिला गाउँपालिकाको मिति २०८३।०१।१७ गतेको पत्रबाट प्राविधिक निरिक्षण सम्पन्न फाराम र निर्माण कार्य सम्पन्न भएको फोटो समेत संलग्न राखी अनुरोध भइ आएको हुँदा अन्तिम किस्ता भुक्तानीको लागि श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौ र श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा सिफारिस गर्ने।

११. मिति २०८३ असार १४ गतेको बाढी पहिरोले यस जिल्लाको सिलिचोङ गाउँपालिका वडा नं.१ स्थित तेन्छोङको तेन्छोङ साम्तेले घरमुनि ग्याविङ वाल र तिवाटारको सुकेखोलामा तटबन्धन निर्माण गर्नुपर्ने भएको भनी सो गाउँपालिकाको च.नं.१३२, मिति २०८३/०५/११ को पत्रबाट प्राविधिक स्टिमेट समेत संलग्न राखी अनुरोध भई आएको हुँदा निर्माण कार्यका लागि आवश्यक पर्ने बजेट व्यवस्थापनका लागि सम्पूर्ण कागजातहरु संलग्न राखी श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा सिफारिस गर्ने।

१२. रसुवा जिल्लाको भोटेकोशीमा आएको बाढीबाट प्रभावित नागरिकहरुलाई सहयोग गर्ने प्रयोजनको लागि जिल्लास्थित सबै संघ संस्था तथा आम समुदायलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषको आधिकारिक खातामा मात्र सहयोग जम्मा गर्न अनुरोध गर्ने। कुनै पनि व्यक्तिबाट/संघ संस्था मार्फत सार्वजनिक रुपमा राहत उठाउदै हिड्ने वा व्यक्तिको खातामा रकम जम्मा गर्ने वा नगद जम्मा गर्ने कार्यलाई पूर्णत रोक लगाउने।

प्रमुख जिल्ला अधिकारी